# ककनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
२०७३
वागमती प्रदेश, नेपाल

मिति : ..................२०८१/११/१५

प.सं.:२०८१/०८२
च.नं. १२५

विषयः खुल्ला महिला नृत्य कार्यक्रम हुने बारे सूचना।

श्री महिलाहरु सबै,

ककनी गाउँपालिका, नुवाकोट ।

उपर्युक्त सम्बन्धमा अन्तर्राष्ट्रिय नारी दिवस, २०८१ को अवसरमा यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाद्वारा देहायबमोजिम आयोजना हुने ककनी गाउँपालिकास्तरीय खुल्ला महिला नृत्य प्रतियोगितामा सहभागिता हुने सम्बन्धमा इच्छुक सम्पूर्ण महिलाहरुका लागि सूचना प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

देहाय

- कार्यक्रम हुने मिति, समय र स्थान
  - मिति र समयः २०८१/११/२४ गते शनिबार, बिहान ११:०० बजेदेखि
  - स्थानः श्री भवानी मा.वि., रानीपौवा
- पुरस्कार
  - प्रथम पुरस्कारः रु. ८०००, द्वितीय पुरस्कारः रु. ६०००, तृतीय पुरस्कारः रु. ४०००
  - उत्कष्ट ज्येष्ठ महिला पुरस्कारः रु. २००० (५० वर्ष माथिका स्थानीयलाई दिइने)
  - उत्कृष्ट छात्रा पुरस्कारः रु. २००० (ककनी गाउँपालिकाभित्र अध्ययनरतलाई दिइने)
  - उत्कृष्ट शिक्षक पुरस्कारः रु. १६०० (ककनी गाउँपालिकाभित्र अध्यापनरतलाई दिइने)
  - उत्कृष्ट बाल पुरस्कारः रु. १६०० (१३ वर्ष मुनिकालाई दिइनेछ)
  - उपरोक्त पुरसकारको साथमा मेडल र प्रमाणपत्र प्रदान गरिनेछ । तर पदक विजेतालाई मात्रै दिइनेछ ।
  - एक व्यक्तिलाई कुनै एक पुस्कार मात्रै प्रदान गरिनेछ ।
    नोटः माथिका प्रत्येक पुरस्कारमा नियमानुसार लाग्ने २५ % आकस्मिक करकट्टी गरिनेछ ।
- सहभागिताको मापदण्ड
  - नृत्य गर्ने गीतको छनोटः राष्ट्रिय भावनाले ओतप्रोत गीत, लोक-सांस्कृतिक गीत र चेतनामूलक तथा जागरणमूलक गीतहरुमा मात्रै नृत्य गर्न पाइनेछ ।
  - विद्यार्थी र शिक्षक बाहेक सबै सहभागी स्थानीय हुनुपर्नेछ । साथै दर्ता हुनका लागि निवेदनको साथमा परिचय खुल्ने कागजात नागरिकता वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ ।
  - शिक्षक र विद्यार्थीको हकमा सम्बन्धित स्कूलको सिफारिस पत्र पेस गर्नुपर्नेछ ।
  - निर्णायकबाट निर्णय भएपछि कुनै असन्तुष्टि वा गुनासो गर्न पाइनेछैन ।
  - सहभागीले आफू सहभागी हुन आउने क्रममा लाग्ने सम्पूर्ण खर्च आफैं बेहोर्नुपर्नेछ ।
  - २०८१ फागुन २२ गते अपरान्ह ४:०० बजेसम्म शिक्षा, युवा तथा खेलकुद शाखामा दर्ता भइसक्नुपर्नेछ ।
  - आफू नाच्ने गीत बेलैमा म्युजिकल अपरेटरलाई उपलब्ध गराउनुपर्नेछ ।
  - निवेदन तथा कागजात pemadthkr@gmail.com मा पठाउन सकिनेछ ।
  - विस्तृत जानकारीका लागिः 9843774871 मा कार्यालयी समयभित्र सम्पर्क गर्न सकनेछ ।

पेमा दोर्जे थोकर
शिक्षा अधिकृत
शिक्षा अधिकृत

# निवेदन ढाँचा

मितिः २०८१/११/

विषयः सहभागी हुन पाउँ ।

श्री शिक्षा अधिकृतज्यू,

शिक्षा, युवा तथा खेलकुद शाखा,

ककनी गाउँपालिका, नुवाकोट ।

उपर्युक्त सम्बन्धमा तहाँ शाखाद्वारा अन्तर्राष्ट्रिय नारी दिवस, २०८१ को अवसरमा मिति २०८१/११/२४ गते आयोजना हुन गइरहेको "ककनी गाउँपालिकास्तरीय खुल्ला महिला नृत्य प्रतियोगिता" मा सहभागी हुन देहायबमोजिमको कागजातसहित उम्मेद्वारी पेस गरिएको बेहोरा अनुरोध छः

पेस गरिएको कागजात

१. निवेदनः थान-१
२. नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिः थान-१
३. सिफारिस पत्रः थान-१

निवेदकः
नाम थरः ..............................
ठेगानः ..............................
कार्यरत संस्था/अध्ययनरत विद्यालयः ......................................